# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२

**स्वीकृत मिति : २०८२।०४।१६**

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गठन आदेशको कार्यान्वयन गर्न समितिले यो नियमावली बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ७ बमोजिमको कोष सम्झनु पर्छ।

(ख) "गठन आदेश" भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० सम्झनु पर्छ।

(ग) "धरौटी" भन्नाले नियम २४ बमोजिम राखिने धरौटी रकम सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनबमोजिमको अन्य धरौटीलाई समेत जनाउँनेछ।

(घ) "प्रतिष्ठान" भन्नाले गठन आदेशको दफा १३ को उपदफा (२) र (५) बमोजिम समितिको केन्द्रीय कार्यालय राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(ङ) "विज्ञ" भन्नाले श्रम प्रधान सीपमूलक तालिमको क्षेत्रमा कम्तीमा सात वर्षको विषयगत अनुभव प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले तालिम सञ्चालनसम्बन्धी कम्तीमा सात वर्षको अनुभव हासिल गरेको संस्थालाई समेत जनाउँने छ।

(च) "सीप परीक्षण तथा प्रमाणीकरण" भन्नाले नियम २९ बमोजिम सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने कार्य सम्झनु पर्छ।

(छ) "संघ-संस्था" भन्नाले प्रतिष्ठानमा आवद्ध भएका तालिम प्रदायक संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम दर्ता भएका अन्य संघ-संस्थालाई समेत जनाउँनेछ।

## परिच्छेद- २

## समितिको कार्य सञ्चालनसम्बन्धी व्यवस्था

३. **समितिको कार्य सञ्चालनः** (१) समितिको दैनिक कार्य र कोषको सञ्चालन राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको नामबाट हुनेछ।

(२) उपनियम (१) बमोजिमको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको प्रमुखको रुपमा समितिको कार्यकारी निर्देशक रहनेछ।

(३) गठन आदेशको दफा १३ को उपदफा (३) र (४) बमोजिमको व्यावसायिक प्रशिक्षण केन्द्र प्रतिष्ठानको मातहतमा रहनेछ।

(४) उपनियम (३) बमोजिमको व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखले कार्यकारी निर्देशकको निर्देशन र सुपरीवेक्षणमा रही काम गर्नुपर्नेछ।

४. **<u>कार्यकारी निर्देशकको कार्यसम्बन्धी अन्य व्यवस्था:</u>** (१) गठन आदेशको दफा ७ बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न कार्यकारी निर्देशकले देहायबमोजिमका कार्य गर्नु पर्नेछः-

(क) श्रमप्रधान सीपमूलक तालिम सञ्चालनका लागि समितिको निर्णयबमोजिम संस्थालाई आवद्धता प्रदान गर्ने,

(ख) श्रमप्रधान सीपमूलक तालिमको अध्ययन, सर्भेक्षण, पहिचान गर्ने, गराउने,

(ग) तालिम सञ्चालनसम्बन्धी कार्यविधि तथा निर्देशिका निर्माण गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) तालिम सञ्चालनसम्बन्धी पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ङ) स्वदेश तथा श्रम गन्तव्य मुलुकका रोजगारदाता, रोजगारदाताको छाता संस्था, अन्तर्राष्ट्रिय सीप प्रमाणीकरण गर्ने संस्था तथा सीपमूलक तालिम प्रदायक संस्थासँग आवश्यक समन्वय र सहकार्य गरी कार्यसञ्चालन गर्ने, गराउने,

(च) तालिम प्रदायक संस्थाबाट विषयगत धरौटी स्वीकार गर्ने र कानूनबमोजिम फिर्ता गर्ने,

(छ) तालिम शुल्कमा एकरूपता कायम गर्न विषयगत शुल्क प्रस्ताव गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ज) विषयगत सीप परीक्षण शुल्क प्रस्ताव गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(झ) तालिम सञ्चालनसम्बन्धी कार्य तथा सीप परीक्षण उत्तीर्ण प्रशिक्षार्थीको एकीकृत सूचना प्रणालीको विकास गरी अभिलेख गर्ने र

(ञ) समितिले तोकेका अन्य कार्य गर्ने।

(२) गठन आदेशको दफा ६ बमोजिमका कार्यकारी निर्देशकले नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीले पाउने बिदा लिन सक्नेछन।

५. **<u>प्रतिष्ठानको सङ्गठन संरचना तथा कर्मचारीसम्बन्धी व्यवस्था:</u>** (१) गठन आदेशको दफा ८ बमोजिम प्रतिष्ठानको सङ्गठन संरचना र मानव स्रोतको व्यवस्था मन्त्रालयको सहमतिमा समितिले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) प्रतिवेदन बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्नु पूर्व संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

६. **अधिकार प्रत्यायोजनसम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानको कार्यकारी निर्देशक वा व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखले प्रचलित कानूनबमोजिम मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख अनुपस्थित रहेमा कार्यकारी निर्देशकले निमित्त तोक्नेछ।

(३) गठन आदेशबमोजिमको कार्यकारी निर्देशक नियुक्ति नभएसम्मका लागि मन्त्रालयले कार्यकारी निर्देशक तोक्नेछ।

## परिच्छेद- ३

## कोष सञ्चालनसम्बन्धी व्यवस्था

७. **कोष सञ्चालनः** (१) नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैङ्कमा प्रतिष्ठानको एक कोष रहनेछ। सो कोषमा गठन आदेशको दफा ९ बमोजिमको रकम जम्मा हुनेछ।

(२) उपनियम (१) बमोजिमको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) व्यावसायिक प्रशिक्षण केन्द्रको खाता व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) प्रतिष्ठानको कोषमा देहायबमोजिमका खाता रहनेछन्:-

(क) मूलकोष खाता,

(ख) आम्दानी खाता,

(ग) खर्च खाता,

(घ) धरौटी खाता, र

(५) व्यावसायिक प्रशिक्षण केन्द्रमा देहायबमोजिमका खाता रहनेछन्:-

(क) खर्च खाता र

(ख) धरौटी खाता।

(६) कोष सञ्चालनसम्वन्धी अन्य व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्वन्धी प्रचलित कानुन बमोजिम महालेखा नियन्त्रक कार्यालयबाट तोकिएबमोजिम हुनेछ।

८. **मूल कोष खाता सञ्चालनः** (१) यो खातामा गठन आदेशको दफा ९ को उपदफा (१) बमोजिमको रकमका अतिरिक्त देहायका रकम समेत जम्मा गरीनेछः-

(क) प्रत्येक महिनाको अन्तिममा आम्दानी खाताबाट जम्मा गरेको रकम,

(ख) आर्थिक वर्षको अन्तिममा खर्च खातामा बाँकी रहेको मौज्दात रकम।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्रले प्रत्येक महिनाको अन्त्यमा नियम ९ र १० मबोजिमका खाताको रकम मूलकोष खातामा जम्मा नगरी सिधै खर्च गर्न पाउने छैन।

९. **आम्दानी खाता सञ्चालनः** (१) यो खातामा देहायबमोजिमको रकम जम्मा गरीनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) प्रशिक्षण, स्तरीकरण, सीप परीक्षण, प्रमाणीकरण, मूल्यांकन, संस्था आवद्धता, तथा नविकरणसम्बन्धी तोकिएबमोजिमको शुल्क रकम,

(ग) प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराए वापत प्राप्त रकम,

(घ) व्याज तथा भाडा वापत प्राप्त रकम,

(ङ) स्वदेशी तथा विदेशी रोजगारदाताबाट माग भएका कार्यक्रम सञ्चालन वापतको रकम,

(च) सम्पत्ति बिक्री वापतको रकम,

(छ) कुनै व्यक्ति वा निकायबाट असुल उपर गर्नुपर्ने वा जरिवाना वापतको रकम,

(ज) गठन आदेशको दफा ९ को उपदफा (२) बमोजिम स्वीकृति लिई प्राप्त हुने रकम,

(झ) समितिले तोकेको अन्य रकम।

(२) द्विपक्षीय वा बहुपक्षीय सम्झौताबमोजिम स्वीकृत कार्यक्रम सञ्चालन गर्न प्राप्त हुने रकम समेत यो खातामा जम्मा हुनेछ।

(३) व्यावसायिक प्रशिक्षण केन्द्रले यस नियमावलीबमोजिम प्राप्त गर्ने आम्दानी यसै नियम बमोजिमको खातामा जम्मा गर्नुपर्नेछ।

१०. **खर्च खाता सञ्चालनः** (१) प्रतिष्ठानको खर्च खातामा मूलकोष खाताबाट मात्र रकम प्राप्त हुनेछ। आर्थिक वर्षको अन्त्यमा यो खातामा बाँकी रहेको रकम मूल कोषमा फिर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकम देहायबमोजिम खर्च हुनेछः-

(क) स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(ख) समितिले तोकेबमोजिम कार्य गर्न,

(ग) प्रतिष्ठानद्वारा कुनै निकाय वा सस्थासँग भएको सम्झौताबमोजिमका कार्यक्रम कार्यान्वयन गर्न,

(घ) प्रतिष्ठानको अन्य कुनै दायित्व भुक्तानी गर्न,

(३) व्यावसायिक प्रशिक्षण केन्द्रको खर्च खातामा प्राप्त रकम देहायबमोजिम खर्च हुनेछः-

(क) स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(ख) समितिले तोकेबमोजिम कार्य गर्न,

(ग) अन्य कुनै दायित्व भुक्तानी गर्न,

(घ) कार्यकारी निर्देशकले अधिकार प्रत्यायोजन गरेका अन्य कार्य गर्न,

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

११. **धरौटी खाता सञ्चालनः** (१) प्रतिष्ठान र व्यावसायिक प्रशिक्षण केन्द्रका नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयको सिफारिसमा आफ्नो छुट्टै धरौटी खाता खोल्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको खाता सञ्चालनमा नआएसम्म कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटीको एकल कोष खाता प्रयोग हुनेछ।

(३) धरौटी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

१२. **बजेट तथा कार्यक्रमसम्बन्धी व्यवस्थाः** (१) व्यावसायिक प्रशिक्षण केन्द्रले आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रमको आय व्ययको अनुमान तयार गरी फाल्गुण मसान्तभित्र प्रतिष्ठानमा पेश गर्नु पर्नेछ।

(२) प्रतिष्ठानले आफ्नो र उपनियम (१) बमोजिम प्राप्त बजेट तथा कार्यक्रमको आय व्ययको अनुमान छुट्टाछुट्टै र एकीकृत रुपमा तयार गरी चैत्र मसान्तभित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) समितिले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र प्रतिष्ठान र व्यावसायिक प्रशिक्षण केन्द्रको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम स्वीकृत गर्नु पर्नेछ।

१३. **बजेट खर्च तथा अख्तियारीः** (१) समितिले आर्थिक वर्षको बजेट तथा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने अख्तियारी कार्यकारी निर्देशक र व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखलाई प्रदान गर्नेछ।

(२) वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा प्रतिष्ठान र व्यावसायिक प्रशिक्षण केन्द्रले दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि गत आर्थिक वर्षको यथार्थ खर्चको एक तिहाइ रकमसम्म पेश्की स्वरुप खर्च गर्न सक्नेछ। त्यस्तो पेश्की रकम समितिबाट बजेट तथा कार्यक्रम स्वीकृत भएपछि स्वतः निकासा भएको मानिनेछ।

(३) कार्यकारी निर्देशक र व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखले आफूलाई प्राप्त अख्तियारी बमोजिम बजेट तथा कार्यक्रममा खर्च गर्ने वा खर्च गर्न आदेश दिई खर्च स्वीकृत गर्नु पर्नेछ।

(४) बजेट खर्च गर्न प्रतिष्ठान र व्यावसायिक प्रशिक्षण केन्द्रको छुट्टाछुट्टै खर्च खाता खोल्न सक्नेछ।

(५) कार्यकारी निर्देशक तथा व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखले देहायका कुराहरु विचार गरी खर्च गर्न वा आदेश दिई खर्च स्वीकृत गर्नु पर्नेछः-

(क) स्वीकृत बजेटको परिधिभित्र रही सम्वन्धीत शीर्षकमा बजेट बाँकी रहेको,

(ख) कुनै कार्यक्रम वा योजनाको सम्वन्धमा भए सो कार्यक्रम तथा योजना स्वीकृत भई सकेको,

(ग) सम्बन्धित शीर्षकमा स्वीकृत रकम अपर्याप्त हुन गएको र सो रकम शीर्षकवाट खर्च नगरी नहुने अवस्था भएमा स्पष्ट कारण खुलाई अर्को खर्च शीर्षकको मौज्दातवाट खर्च गर्ने आदेश कार्यकारी निर्देशक वा व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखले दिन सक्नेछ। तर यस्तो खर्च त्यसपछि लगत्तै बस्ने समितिको बैठकवाट संमर्थन गराउनु पर्नेछ।

(घ) स्वीकृत वार्षिक कार्यक्रमका अतिरिक्त अन्य विशेष कार्यक्रम गर्नुपर्ने भएमा समितिबाट स्वीकृत लिएर मात्र गर्नुपर्नेछ,

(ङ) स्वीकृत बजेट तथा कार्यक्रमको परिधिमा रही तोकिएको समयमा भौतिक तथा वित्तीय प्रगति हासिल गर्ने,

(च) समितिको उद्देश्य प्रासिका लागि कार्य सम्पादन गर्ने।

१४. **खर्चसम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेः** (१) गठन आदेश तथा यस नियमावलीमा उल्लेख भए बाहेक बजेट तथा कार्यक्रम, पेश्की, जिन्सी तथा सम्पत्ति (मर्मत, लिलाम बिक्री तथा मिनाहा समेत), धरौटी, बेरुजु फछ्यौंट र बरबुझारथसम्बन्धी व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम हुनेछ।

(२) कार्यक्रम संशोधन, रकमान्तर र सोको भुक्तानी तथा आर्थिक दायित्व पर्ने भएमा समितिबाट स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम हुनेछ।

१५. **लेखा, लेखा परीक्षण तथा बेरुजु फछ्यौंटसम्बन्धी व्यवस्थाः** प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्रले वित्तीय व्यवस्थापनका लागि लेखा परीक्षण तथा बेरुजु फछ्यौंटसम्बन्धी कार्य देहायबमोजिम गर्नु पर्नेछः-

(क) प्रतिष्ठान र व्यावसायिक प्रशिक्षण केन्द्रले आर्थिक कारोबार गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखा प्रणालीका मापदण्ड, दोहोरो लेखा प्रणाली तथा सूचना प्रविधिमा आधारित आर्थिक प्रणाली अवलम्वन गरी महालेखा परीक्षक फाराम, आर्थिक सङ्केत वर्गीकरण र लेखापालनको मान्य सिद्धान्त पालना गर्नु पर्नेछ।

(ख) प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्रको बिनियोजन, राजस्व, धरौटी तथा अन्य कारोवारको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(ग) आफूले जिम्मा लिएको रकम, आर्थिक विवरण, बील, भरपाई वा प्रमाण राख्ने वा राख्न लगाउने सम्पूर्ण दायित्व कार्यकारी निर्देशक र व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुखको हुनेछ।

(घ) बेरुजु नियमित गराई वा असुल उपर गरी फछ्यौंट गर्ने दायित्व कार्यकारी निर्देशक, व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुनेछ।

१६. **भ्रमणसम्बन्धी व्यवस्थाः** (१) समितिको स्वीकृत वार्षिक कार्यक्रमबमोजिम स्वदेश वा विदेशी मुलुक, नियोग, सरकारी वा गैरसरकारी निकायको कार्यक्रममा समितिको पदाधिकारी वा प्रतिष्ठान वा अन्तर्गत कार्यरत कर्मचारीलाई प्रतिष्ठानको कोषबाट खर्च ब्यहोर्ने गरी काज वा भ्रमणमा खटाउन सकिनेछ।

(२) प्रतिष्ठानलाई उपयोगी हुने अन्य निकायले स्वदेश वा विदेशमा सञ्चालन गर्ने कार्यक्रममा प्रतिष्ठानको कोषबाट खर्च नबेहोर्ने गरी सहभागी गराउन सकिनेछ।

(३) उपनियम (१) बमोजिम अध्ययन, तालिम, गोष्ठी, बैठक सेमिनार जस्ता कार्यक्रमका लागि विदेशी मुलुकको भ्रमणमा जानुअघि अर्थ मन्त्रालय र मन्त्रालयबाट सहमति लिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम खटिने पदाधिकारी तथा कर्मचारीलाई आवश्यक दैनिक तथा भ्रमण भत्ता प्रचलित कानूनबमोजिम भुक्तानी हुनेछ।

## परिच्छेद- ४

## सार्वजनिक खरिद सम्बन्धी व्यवस्था

१७. **लागत अनुमानको स्वीकृतिः** (१) निर्माण कार्य, मालसामान तथा अन्य सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित तृतीय श्रेणी सरह) बाट,

(ख) दश करोड रुपैयाँसम्मको लागत अनुमान- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित द्धितीय श्रेणी सरह) बाट,

(ग) दश करोड रुपैयाँभन्दा बढीको लागत अनुमान- कार्यकारी निर्देशकबाट।

(२) परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) बीस लाख रुपैयाँ सम्मको लागत अनुमान- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित तृतीय श्रेणी सरह) बाट,

(ख) पचास लाख रुपैयाँ सम्मको लागत अनुमान- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित द्धितीय श्रेणी सरह) बाट,

(ग) पचास लाख रुपैयाँ भन्दा बढीको लागत अनुमान कार्यकारी निर्देशकबाट।

१८. **बोलपत्र स्वीकृतिः** निर्माण कार्य, मालसामान तथा अन्य सेवाको वोलपत्र देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) दश करोड रुपैयाँसम्मको- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित तृतीय श्रेणी सरह) बाट,

(ख) बीस करोड रुपैयाँसम्मको- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित द्धितीय श्रेणी सरह) बाट,

(ग) बीस करोड रुपैयाँभन्दा बढीको कार्यकारी निर्देशकबाट।

१९. **परामर्श सेवासम्बन्धी प्रस्ताव स्वीकृतिः** (१) प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्रले तालिम सञ्चालनसम्बन्धी परामर्श सेवा खरिद गर्न सक्नेछ।

(२) देहायबमोजिमको परामर्शसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको- व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित तृतीय श्रेणी सरह) बाट,

(ख) एक करोड रुपैयाँसम्मको - व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख (राजपत्रांकित द्वितीय श्रेणी सरह) बाट,

(ग) एक करोड रुपैयाँभन्दा बढीको कार्यकारी निर्देशकबाट।

२०. **बोलपत्र मूल्याङ्कन सम्बन्धी:** (१) प्रतिष्ठानको बोलपत्र मूल्याङ्कन समिति देहायबमोजिमको हुनेछः-

(क) कार्यकारी निर्देशक वा निजले तोकेको निर्देशक (सम्भव भएसम्म प्राविधिक कर्मचारी) -अध्यक्ष

(ख) प्रतिष्ठानको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ग) विषयसँग सम्बन्धित प्राविधिक (सम्भव भएसम्म) अधिकृतस्तर -सदस्य

(घ) कानून अधिकृत -सदस्य

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको कानून अधिकृत नभएमा प्रशासन शाखाको शाखा अधिकृत सदस्य रहनेछ।

(३) व्यावसायिक प्रशिक्षण केन्द्रको बोलपत्र मूल्याङ्कन समिति देहायबमोजिमको हुनेछः-

(क) व्यावसायिक प्रशिक्षण केन्द्र प्रमुख वा निजले तोकेको अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) -अध्यक्ष

(ख) व्यावसायिक प्रशिक्षण केन्द्रको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ग) विषयसँग सम्बन्धित प्राविधिक (सम्भव भएसम्म) अधिकृतस्तर -सदस्य

(४) खरिद इकाई प्रमुखले उपनियम (१) र (३) बमोजिमको मूल्याङ्कन समितिको सचिव भई कार्य गर्नेछ।

२१. **प्रचलित कानुनबमोजिम हुने:** सार्वजनिक खरिद सम्वन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

## परिच्छेद- ५

## संस्था आवद्वता, नवीकरण तथा तालिम सञ्चालनसम्बन्धी व्यवस्था

२२. **आबद्धतासम्बन्धी व्यवस्था:** समितिले भौतिक पूर्वाधार, प्रशिक्षक तथा तालिम सञ्चालनसम्बन्धी मापदण्ड पुरा भएका तालिम प्रदायक सस्थालाई बढिमा पाँचवटा क्षेत्रगत बिषय (ट्रेड)का आधारमा देहाय बमोजिम सस्था आबद्दता दिनका लागी प्रतिष्ठांनलाई निर्देशन दिनेछ।

(क) गठन आदेश, यस नियमावलीमा उल्लेख भएका तथा समितिले तोकेका तालिमहरु सञ्चालन गर्न चाहने तालिम प्रदायक संस्थाहरुले प्रतिष्ठानको सूचनामा उल्लेखित बिषय (ट्रेड) बमोजिमको तालिम सञ्चालनका लागी प्रतिष्ठानमा आबद्ध हुनुपर्नेछ।

(ख) प्रतिष्ठानले बढीमा पाँच वटा बिषय (ट्रेड) का लागि तालिम सञ्चालन गर्न ईच्छुक तालिम प्रदायक संस्थालाई खण्ड (क) बमोजिम आबद्ध हुनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको सूचना प्रकाशन भएपछि तालिम प्रदायक संस्थाले अनुसूची-२ बमोजिमको ढाचाँमा प्रतिष्ठान समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(घ) प्रतिष्ठानले प्राप्त आवेदनको कागजात अध्ययन गरी कागजात पूरा भएका सस्थाको निरीक्षण टोली बनाई निरिक्षण गराई प्रतिवेदन लिनेछ।

(ङ) प्रतिष्ठानले निरीक्षण टोलीबाट प्राप्त प्रतिवेदनको आधारमा भौतिक पूर्वाधार, जनशक्ति तथा मापदण्ड पूरा भएका सस्थालाई आबद्धताका लागि समिति समक्ष सिफारिस गर्नेछ।

(च) मापदण्डबमोजिम योग्यता पुगेका संस्थाहरुलाई समितिले स्वीकृत गरी नियम २४ बमोजिम बिषयगत धरौटी तथा आबद्धता शुल्क लिई बढीमा पाँच वटा बिषय (ट्रेड) मा तालिम सञ्चालनका लागि आवद्धता दिनु भनी प्रतिष्ठानलाई निर्देशन गर्नेछ।

(छ) प्रतिष्ठानले समितिबाट तालिम सञ्चालनको लागि आवद्धता दिन मिल्ने भनी स्वीकृत भएका सस्थाहरुलाई धरौटी तथा आवद्धता प्रमाणदस्तुर बुझाउनु निर्देशन गर्नेछ ।

२३. **<u>अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था:</u>** (१) प्रतिष्ठानले आवश्यकता अनुसार कार्यटोली गठन गरी आबद्धता माग गर्ने तथा तालिम सञ्चालन गर्ने संस्थाहरुको भौतिक पूर्वाधारको निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यटोलीले अनुगमन तथा निरीक्षण गरी प्रतिष्ठान समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा संस्थाहरुलाई आबद्धता तथा नवीकरण गर्नेछ।

(४) प्रतिष्ठानमा आबद्ध संस्थाहरु र सञ्चालित तालिमको अनुगमन तथा निरीक्षण उपनियम (१) बमोजिमको कार्यटोलीले नियमितरुपमा गर्नेछ।

(५) यो नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले जुनसुकै समयमा त्यस्तो संस्था तथा तालिमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

२४. **<u>धरौटी तथा आबद्धता शुल्कसम्बन्धी व्यवस्था:</u>** (१) प्रतिष्ठानले श्रमप्रधान सीपमूलक तालिम सञ्चालन गर्न कुनै संस्थालाई क्षेत्रगत बिषयका आधारमा आवद्धता दिने प्रयोजनका लागि सस्थाको निरीक्षण वापत रूपैया बीस हजार र थप प्रति विषय (ट्रेड) पाँच हजार रूपैयाँका दरले हुने रकम प्रतिष्ठानले तोकेको बैङ्कमा संस्थाले जम्मा गरी सोको सक्कल भौचरसहित प्रतिष्ठानमा निवेदन दिनुपर्नेछ।

(२ ) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रतिष्ठानले आफैं वा मन्त्रालय मातहत निकाय वा विज्ञद्वारा निरीक्षण गराई प्राप्त प्रतिवेदनको आधारमा प्रतिष्ठानले आबद्धता दिन सक्नेछ।

तर, निरीक्षणको क्रममा कुनै कैफियत देखिएमा सो सुधार गर्न प्रतिष्ठानले बढीमा तीन महिनाको समय दिन सक्नेछ। सो समयभित्र सुधार नगरेमा त्यस्तो निवेदन स्वत: रद्द हुनेछ।

(३) आबद्धता दिने निर्णय भएपछि संस्थाले प्रति विषय (ट्रेड) एक लाख रुपैयाँका दरले प्रतिष्ठानले तोकेको बैङ्क खातामा धरौटी राख्न सूचित गर्नेछ।

(४) सूचना प्राप्त भएको मितिले तीस दिनभित्र धरौटी जम्मा गरी सोको सक्कल भौचर प्रतिष्ठानमा बुझाए पश्चात सो संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा आबद्धताको प्रमाण पत्र प्रदान गरिनेछ।

(५) प्रतिष्ठानले उपनियम (४) बमोजिम आवद्धता प्राप्त सस्थाहरुको सम्पूर्ण विवरण सहित अनुसुची-४ बमोजिम रोष्टरमा अभिलेख राख्नु पर्नेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

२५. **<u>आबद्धता अवधि तथा नवीकरणसम्बन्धी व्यवस्था:</u>** (१) यस नियमावलीबमोजिम जुनसुकै समयमा आबद्धता प्रमाण पत्र प्राप्त गरेको भए तापनि प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण नगरी तालिम सञ्चालन गर्न पाउने छैन।

(२) आबद्धता पत्र प्राप्त संस्थाले प्रत्येक वर्षको बैशाख मसान्तभित्र प्रति विषय (ट्रेड) दश हजारका दरले नवीकरण वापतको शुल्क तोकिएको बैङ्कमा बुझाएको सक्कलै भौचर र प्रतिष्ठानले तोकेका अन्य विवरण सहित अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिष्ठान समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र विशेष कारण परी नवीकरणको लागि निवेदन दर्ता गर्न नसकेमा जेठ महिनाको पन्ध्र गते भित्रमा दोब्बर दस्तुर बुझाई नवीकरणका लागि निवेदन गर्न सक्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम परेका निवेदन उपर प्रतिष्ठानले निरीक्षण गरी प्रतिवेदनको आधारमा प्रत्येक वर्षको आषाढ मसान्तभित्र नवीकरण गरी सक्नु पर्नेछ।

(५) यस नियम बमोजिम निवेदन प्राप्त भएपछि प्रतिष्ठानले आफै वा मन्त्रालय मातहत निकायद्वारा वा विज्ञद्वारा निरीक्षण गराई प्राप्त प्रतिवेदनको आधारमा प्रतिष्ठानले नवीकरण गर्न सक्नेछ।

तर, निरीक्षणको क्रममा कुनै कैफियत देखिएमा सो सुधार गर्न प्रतिष्ठानले बढीमा पन्ध्र दिनको समय दिन सक्नेछ। सो समयभित्र सुधार नगरेमा त्यस्तो संस्था नवीकरण हुनेछैन।

(६) उपनियम (४) बमोजिम कुनै संस्थाले नवीकरण गर्न नसकेमा दुई वर्षभित्र निवेदन दिने संस्थालाई प्रत्येक वर्षको दोब्बर दस्तुरसहित नवीकरणको लागि निवेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम दुई वर्षसम्म नवीकरण नगरेमा त्यस्तो संस्थाको आबद्धता पत्र स्वतः रद्द हुनेछ। यसरी रद्द भएको संस्थाले आवद्धताका लागि राखेको धरौटी फिर्ताको निवेदन दिनुपर्नेछ र त्यसरी निवेदन परेको पैतीस दिनभित्र प्रतिष्ठानले धरौटी रकम फिर्ता गर्नु पर्नेछ।

(८) निरन्तर सञ्चालन भइरहेको तालिमको हकमा नवीकरण नभए तापनि यस नियमावली बमोजिम तालिम सम्पन्न गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ।

२६. **<u>तालिम सञ्चालनसम्बन्धी व्यवस्था</u>**: (१) यस नियमावलीबमोजिम गठन आदेशमा उल्लेख भएका र समितिबाट स्वीकृत गरिएका निःशुल्क वा सःशुल्क श्रमप्रधान सीपमूलक तालिम सञ्चालनसम्बन्धी पाठ्यक्रम तथा लागत अनुमान समितिबाट स्वीकृत भएबमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको तालिम प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्र बाट सञ्चालन हुनेछ।

(३) उपनियम (१) बमोजिम सःशुल्क सञ्चालन गरिने श्रमप्रधान सीपमूलक तालिमको शुल्क निर्धारण प्रतिष्ठानको सिफारिसमा समितिबाट हुनेछ।

(४) प्रतिष्ठानले बाह्य पक्षको सेवा खरिद गरी तालिम सञ्चालन गर्दा प्रचलित कानूनबमोजिम दर्ता भई प्रतिष्ठानमा नियम २२ बमोजिम आबद्द भएका तालिम प्रदायक सस्थाबाट तालिम सञ्चालन गर्नेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको मागबमोजिम आन्तरिक रोजगारीका लागि लागत साझेदारीमा सहकार्य वा सम्झौता गरी तालिम कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्न सक्नेछ।

(६) स्वदेशी तथा बिदेशि तालिम प्रदायक सस्था, रोजगारदाता, रोजगारदाताको छाता संगठनको मागबमोजिम रोजगारीको सुनिश्चिततासहित सीपयूक्त जनशक्ति उत्पादनका लागि लागत साझेदारीमा सहकार्य वा सम्झौता गरी तालिम कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन तथा कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्न सक्नेछ।

(७) राष्ट्रिय तथा अन्तार्राष्ट्रिय तालिम सञ्चालनका सम्बन्धमा तालिम आवश्यकताको पहिचान, सर्वेक्षण, प्रभाव मुल्याङ्कन, मापदण्ड निर्धारण, प्रशिक्षक तथा प्रशिक्षार्थीसम्बन्धी व्यवस्था समितिबाट स्वीकृत भए बमोजिम हुनेछ।

२७. **तालिम सञ्चालनसम्बन्धी विशेष व्यवस्था:** गठन आदेशको दफा ४ को खण्ड (ञ) को अतिरिक्त गरिबी निवारण, समामेशी विकास तथा महिला, दलित, अल्पसंख्यक एवं पिछडिएका असहाय र वञ्चितिमा परेका ग्रामीण क्षेत्रका युवालाई तालिमको पहुँच पुर्याउन अनुदान वा निशुल्क प्रशिक्षण दिने व्यवस्था गर्न सक्नेछ।

२८. **पाठ्यक्रम निर्माण, परिमार्जन तथा स्विकृती सम्बन्धी व्यवस्था:** (१) समितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधि र आधारमा गठन आदेश तथा यस नियमावली बमोजिम सञ्चालन हुने तालिमको पाठ्यक्रम निर्माण र परिमार्जन गर्न देहाय बमोजिमको पाठ्यक्रम निर्माण तथा परिमार्जन प्राबिधिक समिति गठन गर्नेछ।

(क) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान -संयोजक

(ख) उपसचिव (सीप विकास तालिम शाखा हेर्ने), मन्त्रालय -सदस्य

(ग) सम्बन्धित बिषय बिज्ञ (रोजगारदाताको संघ/सस्थाका प्रतिनिधी वा स्वदेश तथा बिदेशमा ५ बर्ष काम गरेका अनुभवीलाई संयोजकको सिफारिसमा समितिले तोक्ने) -सदस्य

(घ) निर्देशक (प्राबिधिक महाशाखा) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले सम्बन्धित क्षेत्रगत, बिषयगत बिज्ञ सम्मिलित गरी आफै वा पाठ्यक्रम निर्माण वा परिमार्जन उपसमिति गठन गरी पाठ्यक्रम तयार गर्नेछ।

(३) उपनियम (१) बमोजिमको गठन हुने उपसमितिमा प्रतिष्ठानको पाठ्यक्रम शाखा प्रमुख पदेन सदस्य सचिव रहनेछ।

(४) प्राबिधिक समितिलाई प्राप्त पाठ्यक्रम मस्यौदा प्रतिष्ठानले स्वीकृतीकोलागी समिति समक्ष पेश गर्नेछ,

(५) समितिबाट स्वीकृत पाठ्यक्रम प्रतिष्ठानले वेबसाइडमा राखी सोहि पाठ्यक्रम बमोजिम तालिम सञ्चालन गर्नेछ,

(६) 'यस नियमावली बमोजिम समितिबाट स्वीकृत नभएका बिषयको पाठ्यक्रम प्रतिष्ठानलाई आवस्यक पर्ने भएमा नेपाल सरकारका निकायबाट स्वीकृत भएका पाठ्यक्रमलाई समितिको सिफारिसमा तालिम सञ्चालन गर्न बाधा पर्ने छैन।

## परिच्छेद - ६

## प्रमाणीकरणसम्बन्धी व्यवस्था

२९. **सीप परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्थाः** (१) गठन आदेशको दफा ४ को एवम् समितिबाट स्वीकृत भए बमोजिमको तालिमको सीप परीक्षण तथा प्रमाणीकरण र मुल्यांकन उपनियम (२) बमोजिमको उपसमितिले गर्नेछ।

(२) समितिले उपनियम (१) बमोजिम सीप परीक्षण तथा प्रमाणीकरणको लागि देहायबमोजिमको सीप परीक्षण तथा प्रमाणीकरण उपसमिति गठन गर्नेछः-

(क) कार्यकारी निर्देशक -संयोजक

(ख) सीपसम्बन्धी तालिम शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ग) राष्ट्रिय सीप परीक्षण समितिको अधिकृत प्रतिनिधि -सदस्य

(घ) प्रतिष्ठानमा सूचीकृत सीप परीक्षण मूल्याङ्कनकर्तामध्येबाट समितिले तोकेको कम्तीमा एक जना महिलासहित तीनजना -सदस्य

(ङ) निर्देशक (प्राविधिक), सीप परीक्षण तथा प्रमाणीकरण शाखा, प्रतिष्ठान -सदस्य-सचिव

(३) उपनियम (२) को सीप परीक्षण तथा प्रमाणीकरण उपसमितिले विषय विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) प्रतिष्ठानले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचलित मापदण्डबमोजिम आवश्यक विषय विज्ञ जनशक्ति तथा पूर्वाधार तयार गरी सीप परीक्षण तथा प्रमाणीकरण गर्नेछ।

(५) प्रतिष्ठानले उपनियम (४) बमोजिम सीप परीक्षण तथा प्रमाणीकरणका लागि आफूसँग विषय विज्ञ जनशक्ति तथा भौतिक पूर्वाधार आफ्नै तयार नभएको अवस्थामा प्रतिष्ठानमा आबद्ध भई स्वीकृत मापदण्डबमोजिम विषय विज्ञ जनशक्ति, मापदण्ड तथा भौतिक पूर्वाधार भएका तालिम प्रदायक संस्था वा विश्वविद्यालय वा नेपाल सरकारका निकायसँगको समन्वय र सहकार्यमा सीप परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछ।

(६) उपनियम (२) बमोजिमको उपसमितिले कलकारखाना, उद्योग, व्यवसाय वा स्वरोजगारमा रहेका व्यक्तिहरूलाई कार्यस्थलमा आधारित तालिममा सहभागी गराई सीप परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछ।

(७) उपनियम (२) बमोजिमको उपसमितिले वैदेशिक रोजगारीबाट फर्की आएका व्यक्तिको समेत सीप परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछ।

(८) उपनियम (२) बमोजिमको सीप परीक्षण तथा प्रमाणीकरण उपसमितिले अन्तर्राष्ट्रियस्तरमा प्रचलित मापदण्डबमोजिम सीप परीक्षण भएको दश कार्यदिनभित्र सीप परीक्षण तथा प्रमाणीकरण गरी उत्तीर्ण प्रशिक्षार्थीको नामावली अनुसूची-६ बमोजिम अभिलेख गरी क्यूआर कोड (QR Code) सहितको प्रमाण पत्र जारी गर्नेछ।

(९) स्वीकृत कार्यक्रम बाहेक स्वःरोजगार, स्वदेशी रोजगार तथा बैदेशिक रोजगारका लागि अन्य विषयको तालिमको सीप परीक्षण तथा प्रमाणीकरण गर्न माग भई आएमा उपसमितिले यसै नियमबमोजिम सीप परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछ।

## परिच्छेद- ७

## विविध

३०. **चमेना गृह सञ्चालनः** प्रतिष्ठान तथा व्यावसायिक प्रशिक्षण केन्द्रले कार्यालय हाताभित्र चमेना गृह सञ्चालन गर्नु परेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रतिकूल नहुने गरी समितिले सञ्चालन अनुमति दिनेछ।

३१. **बाधा अडकाउ फुकाउनेः** यस नियमावलीको कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन आएमा समितिको सिफारिसमा मन्त्रालयले वाधा अड्काउ फुकाउनेछ।

३२. **नियमावलीमा संशोधनः** यस नियमावलीको संशोधन समितिले गर्न सक्नेछ र त्यस्तो संशोधन नेपाल सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

३३. **अनुसूचीमा थपघट वा हेरफेरः** मन्त्रालयले समितिको सिफारिसमा आवश्यकता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची- १

### नियम २२ को खण्ड (ख) सँग सम्बन्धित

सुचना !

प्रथम पटक प्रकाशित मितिः

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२ बमोजिम छ महिनासम्मका श्रमप्रधान सीपमुलक तालिम सञ्चालन गर्न चाहने देहायबमोजिमका योग्यता पुरा भएका सात बर्षदेखि सञ्चालन भई रहेका एक तालिम प्रदायक संस्थाले बढीमा पाँचवटा बिषय (ट्रेड) मात्रका लागि यो सुचना प्रकासन भएको मितिले एक्काईस दिनभित्र कार्यालय समयमा प्रतिष्ठानको संस्था आवद्धता शाखामा निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तालिम सञ्चालन गर्न क्षेत्रगत विषय (ट्रेड)**

(१). . . . . . . . .    (२). . . . . . . . .

(३). . . . . . . .    (४). . . . . . . . .

(५). . . . . . . . .

**सङ्लग्न कागजात**

१) कम्पनीको प्रबन्धपत्र, नियमावली, प्रमाणपत्र र अघिल्लो आ.ब. सम्मको अध्याबधिक गरेको प्रमाणको प्रतिलिपि,

२) स्थाई लेखा प्रमाणत्र तथा अघिल्लो आ.ब. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

३) संस्थामा कार्यरत सञ्चालक, प्रशिक्षक तथा कर्मचारीको योग्यता तथा नागरीकता प्रतिलिपि सहितको विवरण,

४) गुगल नक्सा।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- २

नियम २२ को खण्ड (ग) सँग सम्बन्धित

श्रीमान् कार्यकारी निर्देशकज्यू
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान,
भैसेपाटी, ललितपुर, बाग्मती प्रदेश ।

विषयः तालिम प्रदायक संस्था सम्बन्धन सम्बन्धमा।

प्रस्तुत विषयमा यो . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . संस्थाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट प्रकाशित सुचनाबमोजिम तपशिलमा उल्लिखित पाँच वटा बिषय (ट्रेड) मा छ महिनासम्मका श्रमप्रधान सीपमुलक तालिम सञ्चालन गर्न यो संस्थामा तोकिएबमोजिमका भौतिक पुर्वाधार रहेकोले तपशिलबमोजिमका कागजात सङ्लग्न राखी तालिम प्रदायक संस्था सम्बन्धनका लागि अनुरोध गर्दछौ ।

तालिम सञ्चालन गर्न क्षेत्रगत विषय (ट्रेड)

(१). . . . . . . . . .
(२). . . . . . . . . .
(३). . . . . . . . . .
(४). . . . . . . . . .
(५). . . . . . . . . .

सङ्लग्न कागजात

१) कम्पनी रजिष्ट्रार वा घरेलु कार्यालयमा दर्ता भएको प्रबन्धपत्र, नियमावली, अध्यावधीकपत्र तथा प्रमाणत्रको प्रतिलिपि,
२) स्थाई लेखा प्रमाणपत्र तथा अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमणपत्रको प्रतिलिपि,
३) सञ्चालकको नागरिकता प्रमाणत्रको प्रतिलिपि र नाम, ठेगाना सहितको बिवरण,
४) स्थानीयतहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
५) संस्थाका सञ्चालक र कार्यरत रहने प्रशिक्षक तथा कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्र सहितको विवरण,
६) आवद्धताका लागि संस्थाको निवेदन,
७) आवद्धताका लागि सञ्चालक समितिको निर्णयको प्रतिलिपि,
८) अन्य प्रतिष्ठानबाट उल्लेख भएबमोजिमका कागजात ।

सञ्चालक अध्यक्षको नामः . . . . . .
दर्जाः . . . . . . . . . . . .
हस्ताक्षरः . . . . . . . .
मितिः . . . . . . . . . .

संस्थाको छाप

अनुसूची- ३

नियम २४ को उपनियम (४) सँग सम्बन्धित

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

भैसेपाटी, ललितपुर, बाग्मती प्रदेश

## श्रमप्रधान सीपमुलक तालिम सञ्चालन आवद्धता_प्रमाण-पत्र

प्रमाण-पत्र नं. ......... /...../.....          प्रमाण-पत्र जारी मितिः ......../...../....

संस्थाको नामः . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

संस्थाको ठेगानाः . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . सम्पर्क नं. . . . . . . . . . .

त्यस संस्थालाई राष्ट्रिय व्यासायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश, २०८० राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान नियमावली, २०८२ मा भएका शर्तहरूबमोजिम तपशिलका विषयमा श्रमप्रधान सीपमुलक तालिम सञ्चालनका लागि समितिको मिति . . .को निर्णयबमोजिम यो आवद्धता प्रमाण-पत्र प्रदान गरिएको छ।

| क्र.सं. | आवद्धता प्राप्त विषय | विषयगत क्षेत्र | आवद्धता पाएको मिति | प्रतिकक्षा तालिम सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

आवद्धता प्रमाण-पत्र दिने अधिकारीको

दस्तखतः . . . . . . .

नामः . . . . . . . . . . . . . . .

दर्जाः . . . . . . . . . . . . . .

| नवीकरण भएको मिति | नवीकरण बहाल रहने मिति | नवीकरण गर्नेको हस्ताक्षर | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः यो प्रमाणपत्र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान नियमावली, २०८२ बमोजिम नवीकरण नभएमा स्वतः रद्द हुनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची- ४

## नियम २४ को उपनियम (५) सँग सम्बन्धित

आवद्धता प्रदान गरिएका संस्था रोष्टरमा रहने ढाँचा

| क्र.सं. | तालिम प्रदायक संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्ति र नं. | तालिम प्रदान गर्न आवद्धता पाएको विषय | तालिम सञ्चालन गर्ने स्थान | प्रशिक्षकको नाम र नं. | आवद्धताको अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-५

## नियम २५ को उपनियम (२) सँग सम्बन्धित

श्रीमान् कार्यकारी निर्देशकज्यू
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान,
भैसेपाटी, ललितपुर, बाग्मती प्रदेश ।

विषयः नवीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा यो . . . .. . . . . . . . . . . . . . . . . . . . . . . . संस्थाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट तपशिलमा उल्लेखित श्रमप्रधान सीपमुलक तालिम सञ्चालनका लागि मितिः . . . . . . . . . . . आवद्धता प्राप्त गरकोमा यहि असार मसान्तबाट आवद्धताको अवधि समाप्त हुने भएकोले नवीकरण शुल्क जम्मा गरेको सक्कलै भौचर र तपशिलबमोजिमका विवरण यसैसाथ सङ्लग्न राखी आ.व. . . . . . देखि . . . . . सम्मका लागि नवीकरण गरिदिनु हुन अनुरोध गर्दछौ ।

**तालिमका विषय (ट्रेड)**

(१). . . . . . . . .
(२). . . . . . . . .
(३). . . . . . . . .
(४). . . . . . . . .
(५). . . . . . . . .

**सङ्लग्न कागजात**

१) कम्पनी दर्ताको प्रमाण पत्र तथा चालु आर्थिक वर्षसम्म अद्यावधिक रहेको प्रमाण पत्रको प्रतिलिपि,
२) स्थाई लेखा प्रमाण पत्र चालु आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,
३) आवद्धता प्रमाण पत्रको प्रतिलिपि,
४) चालु आर्थिक वर्षमा तालिममा सहभागीको विषयगत विवरण,
५) संस्थामा कार्यरत सञ्चालक, प्रशिक्षक तथा कर्मचारीको विवरण,
६) नवीकरण दस्तुर बुझाएको सक्कल भौचर,
७) नवीकरणसम्बन्धी निवेदन,
८) अन्य प्रतिष्ठानबाट माग भएबमोजिमका कागजात ।

निबेदकको नामः . . . . . .
दर्जाः . . . . . . . . . . . .
हस्ताक्षरः . . . . . . . .
मितिः . . . . . . . . . .

संस्थाको छाप

**अनुसूची- ६**

**नियम २९ को उपनियम (८) सँग सम्बन्धित**

विषयगत सीप प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षार्थीको रोष्टरमा रहने ढाँचा

| क. सं. | नाम, थर | ठेगाना | विषय(ट्रेड) | विषयगत क्षेत्र | सीप प्रशिक्षणमा सहभागी भएको मिति | प्राप्त ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |